अनुसूची-१६
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री खयरभट्टी सिमगैरा सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. ५ खयरभट्टी, दाङ**

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०३।२५**

श्री खयरभट्टी सिमगैरा सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. ५ खयरभट्टी, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ५ सिमगैरा, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य रु. | |
| १ | साल | गोलिया | B | १० | ९९.६३ | ९०० | ८९६६७ | १४६८५७ |
| | | | C | १८७ | ८५७.९० | ६०० | ५१४७४० | |
| | | | D | ६० | १७२.१४ | ३०० | ५१६४२ | |
| | जम्मा | | | २५७ | ११२९.६७ | | ६५६०४९ | |
| | साल दाउरा | | | | १४.५० | १२००० | १७४००० | १७४००० |
| नोटः संकलन खर्च गोलिया काठको प्रति क्यू.फि. रु.१३०।- र दाउराको प्रति चट्टा रु.१२,०००।- | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०४।१३ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
   (क) अन्तिम मितिः २०८३।०४।१४ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको शाईन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड, हापुरे शाखा, दाङमा रहेको खाता नं. ०६३००१००३३९७०६००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस खयरभट्टी सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. ५ सिमगैरा, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

# श्री खयरभट्टी सिमगैरा सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. ५ खयरभट्टी, दाङ**

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०४।१४ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

आन्तरिक राजश्व कार्यालय तुलसीपुर

# जहाँ हरेक कोठाको ढोकामा भगवान् भेटिन्छन्

❑ एकराज भण्डारी



तुलसीपुर, २४ असार । हरेक दिन बिहान ठीक ९ बज्नै लाग्दा, सेवाग्राहीहरु फाइल च्यापेर आन्तरिक राजश्व कार्यालय तुलसीपुरको प्रांगणमा जम्मा हुन थाल्छन् । केही कर तिर्न आएका, केही प्यान दर्ता गर्न त केही विवरण बुझाउन । कार्यालयभित्र कर्मचारीहरु कम्प्युटर खोल्दै सेवा प्रवाहको तयारीमा जुट्छन् । त्यत्तिकैमा नजिकै रहेको त्रिसिद्देश्वरी मन्दिरमा भक्तजनहरुले बजाएको घण्टीको टङटङ आवाज गुञ्जिन्छ। त्यो आवाज कार्यालयभरि फैलिन्छ । अनि प्रत्येक कार्यकक्ष, सेवाग्राही र कर्मचारीको कानसम्म पुग्छ ।

त्यो क्षणमा त्यहाँ पुगेकाहरुलाई केहीबेरका लागि यस्तो लाग्छ, मानौं सरकारी कार्यालय होइन, कुनै धार्मिक स्थलको परिसरमा उभिएको छु । कार्यालयभित्र पस्ने जो कोही अर्को दृश्य देखेर थप अचम्मित हुन्छन् । प्रत्येक कार्यकक्षको ढोकामाथि रातो रङले भगवानका नाम लेखिएका छन्- ब्रह्मा, विष्णु, महेश्वर, गणेश, लक्ष्मी, कृष्ण, सरस्वती, महाकाली, दुर्गा, बुद्ध र हनुमान । सामान्यतया सरकारी कार्यालयका कोठाहरुमा शाखाको नाम, कक्ष नम्बर वा जिम्मेवार कर्मचारीको विवरण लेखिएको हुन्छ तर यहाँ भने सेवाग्राहीले आफ्नो कामका लागि 'विष्णु', 'महेश्वर' वा 'सरस्वती' लेखिएको ढोकातिर पाइला चाल्नुपर्छ ।

कर तिर्न आएका धेरै सेवाग्राही पहिलो पटक पुग्दा केहीबेर अनौठो मान्छन् । त्यसपछि मुस्कुराउँदै भन्छन्- 'कर तिर्न आएको कि मन्दिर दर्शन गर्न आएको, छुट्याउनै गाह्रो भयो ।' सोमबार आफ्नो व्यवसाय बन्द गराउने निवेदन लिएर पुग्नुभएका घोराही-२ रामपुरका सेवाग्राही घनश्याम पौडेल पनि पहिलो पटक कार्यालय पुग्दा केहीबेर झुक्किनुभएको अनुभव सुनाउनुभयो । उहाँले भन्नुभयो- 'सरकारी कार्यालयमा भगवानका नाम भएका कोठा देख्दा निकै नौलो लाग्यो । यहाँ आउँदा कार्यालयभन्दा बढी मन्दिर परिसरमा आएको अनुभूति हुन्छ ।'

**कसरी बन्यो यो परिस्थिति ?**

गत वर्षको जेनजी आन्दोलनका क्रममा कार्यालयको आफ्नै प्रशासनिक भवन आगजनीबाट पूर्णरुपमा क्षतिग्रस्त भएपछि आन्तरिक राजश्व कार्यालय तुलसीपुरले अस्थायीरुपमा त्रिसिद्धेश्वरी मन्दिर परिसरस्थित धर्मशालालाई भाडामा लिएर सेवा प्रवाह गरिरहेको छ। यही कारण धर्मशालाको मौलिक स्वरुप जस्ताको तस्तै छ । कोठाहरुको नाम परिवर्तन गरिएको छैन । भगवानका नामहरु पनि यथावत् छन् । त्यसैले अहिले करदाताले सेवा लिन 'गणेश' कक्षमा जानुपर्छ, अर्को कामका लागि 'लक्ष्मी', 'सरस्वती', 'बुद्ध' वा 'हनुमान' लगायतका कक्षमा पुग्नुपर्छ । सरकारी प्रशासन र धार्मिक वातावरण एउटै छानामुनि मिसिएको यो दृश्य तुलसीपुरमा नौलो अनुभूति बनेको छ । यद्यपि कार्यालय सञ्चालनमा भने कुनै कमी छैन । कम्प्युटर चलिरहेका छन्, कर असुली भइरहेको छ, दर्ता-नवीकरणका काम नियमित छन् । यी गतिविधिहरु चलिरहँदा बीच-बीचमा मन्दिरको घण्टी बज्छ । भक्तजनको आवतजावत देखिन्छ । कार्यालयभित्र भने कर प्रशासनको काम चलिरहेको हुन्छ ।

आगजनीबाट क्षतिग्रस्त भएका कार्यालयका प्रशासनिक भवन प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेपछि अस्थायीरुपमा धर्मशालाबाट सेवा प्रवाह भइरहेको छ । नयाँ प्रशासनिक भवन निर्माणका लागि प्रक्रिया अघि बढाइएको भए पनि आवश्यक बजेट अझै सुनिश्चित हुन नसकेको कार्यालय प्रमुख श्रीधर टण्डनले बताउनुभयो । 'क्षति भएका देशभरका कार्यालयका प्रशासनिक भवन निर्माणका लागि एकमुष्ट बजेट विनियोजन भएको छ तर यत्ति बजेट भन्ने एकीन भइसकेको छैन । अन्य प्रक्रियाका लागि भवन डिभिजन कार्यालय दाङमा पत्राचार गरिसकेका छौं'- उहाँले भन्नुभयो- 'बजेट सुनिश्चित भएपछि ठेक्का टेण्डरको प्रक्रिया अगाडि बढ्छ । हाल हामीले प्रयोग गरेको भवन केही समयका लागि मात्रै भएकोले मन्दिर व्यवस्थापन समितिले लेखिएका कुराहरु नहटाइदिन आग्रह गरेको हुनाले हटाएका छैनौं ।'

धर्मशालाको पहेंलो भित्तामा रातो अक्षरले लेखिएका भगवानका नाम र सरकारी फाइल बोकेर हिडिरहेका सेवाग्राहीको दृश्यले एक अनौठो सन्देश पनि दिन्छ- धर्म र प्रशासन फरक विषय भए पनि परिस्थितिले कहिलेकाहीं दुबैलाई एउटै परिसरमा उभ्याइदिन्छ । कार्यालयको नयाँ भवन निर्माण नहुँदासम्म यही परिस्थिति निरन्तर चल्ने देखिन्छ । त्यसबेलासम्म तुलसीपुरको आन्तरिक राजश्व कार्यालय सम्भवतः नेपालकै त्यस्तो सरकारी कार्यालय रहनेछ, जहाँ सेवा लिन जाँदा सबैभन्दा पहिले भगवानका नामले स्वागत गर्छन्, अनि नजिकैको मन्दिरबाट आएको घण्टीको टङटङ आवाजले सरकारी काममा पनि आध्यात्मिक परिवेशको अनुभूति दिलाइरहन्छ ।

## गौतमबुद्धमा....

सरकारी तहबाट औपचारिक पहल हुनुपर्छ'- उहाँको भनाइ छ । सरकारले भैरहवाबाट अन्तरराष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीलाई आकर्षित गर्न विभिन्न आर्थिक सहुलियत उपलब्ध गराउँदै आएको छ। ल्यान्डिङ शुल्क, नेभिगेसन शुल्क र यात्रु सेवा शुल्कमा शतप्रतिशत छुट, ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ७५ प्रतिशत छुट तथा काठमाडौंको तुलनामा हवाई इन्धनमा पनि उल्लेखनीय सहुलियत दिइएको छ । यात्रु कम हुँदा एयरलाइन्सलाई हुने आर्थिक क्षति केही हदसम्म यी छुटले पूर्ति गर्ने उद्देश्य राखिएको हो तर उहाँको निष्कर्ष स्पष्ट छ- 'सहुलियतले मात्र पर्याप्त हुँदैन । यात्रु व्यवस्थापन र टिकट बजारको संरचना सुधारिएन भने छुटले मात्र नियमित उडान टिकाउन सक्दैन ।'

विमानस्थलको अन्तरराष्ट्रिय हवाई यातायात तथ्याङ्कले पनि उतारचढाव देखाउँछ । सन् २०२२ देखि सन् २०२६ को मे महिनासम्म अन्तरराष्ट्रियतर्फ एक हजार २ सय १८ विमान आवागमन भएका छन् भने ६९ हजार ३१६ यात्रुले सेवा लिएका छन् । सन् २०२३ मा यात्रु संख्या चार हजार ७ सय ५१ मा झरेको थियो । सन् २०२५ मा यो संख्या बढेर १९ हजार ५९० पुगे पनि अन्तरराष्ट्रिय विमानस्थलको क्षमताअनुसार यो अझै न्यून मानिन्छ । चालु वर्षको मे महिनासम्म चार हजार १५३ यात्रुले मात्र सेवा लिएका छन् । भैरहवा विमानस्थलको अर्को विशेषता यहाँ जडान गरिएको इन्स्ट्रमेन्ट ल्याण्डिङ सिस्टम (आइएलएस) हो । साहका अनुसार कम दृश्यता भएका दिनमा पनि सुरक्षित अवतरण गर्न सहयोग गर्ने यो प्रणाली नेपालका लागि महत्वपूर्ण सम्पत्ति हो । अझ रोचक कुरा, यस्तो सुविधा काठमाडौंको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा उपलब्ध छैन तर यसको 'सेकेन्डरी प्रोटेक्सन जोन'को करिब १.३ किलोमिटर भाग भारतीय भूभागमा पर्ने भएकाले भारतसँग आवश्यक सहमति हुन बाँकी छ । यस विषयमा पहिले पत्राचार भए पनि त्यसपछि दुबै पक्षबाट पर्याप्त 'फलोअप' नभएको उहाँ स्वीकार गर्नुहुन्छ । अहिलेसम्म सञ्चालन भएका अन्तरराष्ट्रिय उडानमा यसले कुनै प्रत्यक्ष समस्या सिर्जना गरेको छैन ।

गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको चार वर्ष बितिसक्दा पनि नियमित अन्तरराष्ट्रिय उडान हुन नसक्नुले निजी क्षेत्रलाई पनि उत्तिकै निराश बनाएको छ । तर निजी क्षेत्रका प्रतिनिधिको बुझाइमा यसको मूल समस्या यात्रुको अभावभन्दा धेरै गहिरो छ । उनीहरुका अनुसार सरकारको नीतिगत अन्योल, काठमाडौं केन्द्रित हवाई बजार, भारतसँगको अपर्याप्त कूटनीतिक पहल र कमजोर समन्वयका कारण विमानस्थलले आफ्नो वास्तविक सम्भावना उपयोग गर्न सकेको छैन । नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) लुम्बिनी प्रदेशका अध्यक्ष चन्द्रबहादुर श्रेष्ठ गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा ढिलाइ हुनुमा सरकारको नीतिगत कमजोरीलाई मुख्य कारण मान्नुहुन्छ । उहाँका अनुसार चार वर्षदेखि सरकारले 'विमानस्थल चल्छ' भन्ने आश्वासन मात्रै दिइरहेको छ। अब आश्वासन होइन, ठोस निर्णय आवश्यक छ । उहाँ भन्नुहुन्छ- 'काठमाडौंको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा दैनिक अत्यधिक हवाई चाप छ । जहाजहरु अवतरणका लागि लामो समय आकाशमा होल्ड भइरहेका छन् । यस्तो अवस्थामा दोस्रो अन्तरराष्ट्रिय विमानस्थललाई प्रभावकारी रुपमा प्रयोग गर्ने नीति सरकारले तत्काल ल्याउनुपर्छ ।'

थापाको सुझाव छ- 'सरकारले हवाई नीतिमा संशोधन गरेर अन्तरराष्ट्रिय उडानको स्पष्ट वर्गीकरण गर्नुपर्छ । 'फूल-सर्भिस क्यारियर' र ठूला वाइडबडी विमान काठमाडौंमा केन्द्रित रहन सक्छन् भने बुद्ध सर्किट, धार्मिक पर्यटन र क्षेत्रीय बजार लक्षित बजेट एयरलाइन्स तथा न्यारोबडी जहाजलाई भैरहवामा अवतरण गर्न प्रोत्साहन मात्र होइन, आवश्यक परे नीतिगत व्यवस्था गर्नुपर्छ ।' सरकारले सबै अन्तरराष्ट्रिय उडान काठमाडौंमै केन्द्रित हुने वर्तमान अवस्था परिवर्तन नगरेसम्म गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलले अपेक्षित गति लिन नसक्ने उहाँको ठम्याइ छ। नेपालमा सञ्चालनमा रहेका अधिकांश अन्तरराष्ट्रिय एयरलाइन्सका एजेन्ट काठमाडौंका सीमित व्यवसायीको नियन्त्रणमा रहेको उहाँको दाबी छ । टिकट बिक्री, बजार व्यवस्थापन, प्रचारप्रसार र यात्रु वितरणको सम्पूर्ण अधिकार केही कम्पनीमा केन्द्रित हुँदा भैरहवा र पोखराजस्ता नयाँ अन्तरराष्ट्रिय विमानस्थलले प्रतिस्पर्धा गर्ने अवसर नै पाएका छैनन् ।

'काठमाडौंका जिएसएले आफ्नै व्यापारिक हितअनुसार जहाजको बजार व्यवस्थापन गर्छन् । स्थानीय ट्राभल एजेन्सीलाई पर्याप्त सहयोग, सहुलियत वा टिकटको समान पहुँच दिइँदैन'- थापा भन्नुहुन्छ । उहाँको प्रस्ताव छ- 'भैरहवा र पोखराका लागि स्थानीयस्तरका जिएसए नियुक्त गर्ने नीति सरकारले ल्याउनुपर्छ । उडानको सुनिश्चित भए लुम्बिनीका पर्यटन व्यवसायी र ट्राभल कम्पनी ठूलो लगानी गरेर पनि त्यो जिम्मेवारी लिन तयार रहेको उहाँको दाबी छ । लुम्बिनी आउने धेरै विदेशी पर्यटक भारतका बौद्ध तीर्थस्थल पनि भ्रमण गर्न चाहन्छन् तर अहिले भारतको इ-भिसा लिएर आएका तेस्रो मुलुकका पर्यटक बेलहिया नाका हुँदै भारत प्रवेश गर्न नपाउने व्यवस्था रहेको श्रेष्ठ बताउनुहुन्छ। यसले बुद्ध सर्किटको अवधारणालाई कमजोर बनाएको उहाँको भनाइ छ ।

# मौद्रिक नीतिले निजी क्षेत्रको मनोबल बढाएको छ : महासंघ

युगबोध समाचारदाता

काठमाडौं, २४ असार । नेपाल उद्योग वाणिज्य महासंघले नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिलाई सकारात्मक र सन्तुलित भन्दै यसले निजी क्षेत्रको मनोबल बढाउने जनाएको छ ।

मुलुकको अर्थतन्त्र क्रमशः सुधारको दिशामा अघि बढिरहेको वर्तमान अवस्थामा मौद्रिक नीतिले मूल्य स्थायित्व, वित्तीय क्षेत्रको स्थायित्व र उच्च आर्थिक वृद्धिबीच सन्तुलन कायम गर्ने प्रयास गरेको महासंघको धारणा रहेको छ । सरकारले लिएको ७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न निजी क्षेत्रको भूमिका निर्णायक रहने यथार्थलाई मौद्रिक नीतिले आत्मसात गरेको महासंघको भनाइ छ। निजी क्षेत्रको लगानी विस्तार, उत्पादन वृद्धि, रोजगारी सिर्जना र आर्थिक गतिविधिलाई थप चलायमान बनाउन मौद्रिक नीतिले अवलम्बन गरेको लचिलो कार्यदिशा उपयुक्त रहेको महासंघका अध्यक्ष अन्जन श्रेष्ठले बताउनुभयो । 'महासंघले लामो समयदेखि उठाउँदै आएका विभिन्न विषयलाई मौद्रिक नीतिमा सम्बोधन गर्ने प्रयास गरिएको छ'- अध्यक्ष श्रेष्ठले भन्नुभयो- 'व्यक्तिगत जमानीका आधारमा असीमित दायित्व सिर्जना हुने अवस्था हटाउने व्यवस्था, रुग्ण उद्योगमा रहेको निस्कृय कर्जाको व्यवस्थापन, दबाबमा रहेका कर्जाको पुनरुत्थान गर्ने उपाय सकारात्मक छन् ।'

संस्थागत क्षमताका आधारमा शेयर धितो कर्जाको सीमा निर्धारण र सार्वजनिक यातायातमा प्रयोग हुने ठूला विद्युतीय सवारी साधनका लागि कर्जा-धितो अनुपातलाई थप सहज बनाउने व्यवस्था सकारात्मक रहेको अध्यक्ष श्रेष्ठको भनाइ छ। महासंघले साना तथा मझौला र ठूला उद्योग व्यवसायहरू र विभिन्न क्षेत्रगत कर्जाको पुनर्संरचना तथा पुनर्तालिकीकरणको सम्बन्धमा अब आउने निर्देशिकामा स्पष्ट रुपमा समेटिनु पर्नेमा जोड दिएको छ । नीतिगत दर, स्थायी निक्षेप सुविधा दर, बैंक दर, नगद मौज्दात अनुपात, वैधानिक तरलता अनुपात तथा स्थायी तरलता सुविधालाई यथावत् राख्ने निर्णयले नीतिगत स्थिरता कायम गर्ने महासंघको बुझाइ छ । यसले लगानीकर्तामा विश्वास बढाउने र व्यावसायिक वातावरणलाई थप पूर्वानुमानयोग्य बनाउने अपेक्षा गरिएको महासंघले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरूको डिजिटलाइजेसन, वित्तीय लागत न्यूनीकरण, सेवाको गुणस्तर सुधार र नियामकीय व्यवस्थालाई थप सरल, स्पष्ट र प्रभावकारी बनाउने नीतिको महासंघले स्वागत गरेको छ । बैंक तथा वित्तीय संस्थाका निर्देशनहरू सरलीकरण गर्ने र विदेशी विनिमयसम्बन्धी व्यवस्थालाई सहज बनाउने निर्णयले व्यापार, लगानी र वैदेशिक कारोबारलाई सहज बनाउन सहयोग पुग्ने महासंघको अपेक्षा छ । पर्याप्त विदेशी विनिमय सञ्चिति, विप्रेषण आप्रवाह, पर्यटन आय र सेवा निर्यातमा वृद्धि भई बाह्य क्षेत्र सुदृढ रहने राष्ट्र बैंकको प्रक्षेपणले आन्तरिक अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने विश्वास महासंघको रहेको छ । 'यद्यपि, मौद्रिक नीतिको सफलता यसको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ'- अध्यक्ष श्रेष्ठले भन्नुभयो । ११ प्रतिशतको कर्जा प्रवाहको लक्ष्य प्राप्त गर्न र बैंकिङ प्रणालीमा उपलब्ध पर्याप्त तरलताको उपयोग गर्न उद्योग, कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधि, पूर्वाधार निर्यातमुखी उद्योग तथा साना एवं मझौला उद्यमसम्म सहज र सहुलियतपूर्ण रूपमा कर्जा प्रवाह हुनुपर्ने उहाँको भनाइ थियो ।

## लुम्बिनी....

बजेट ल्याएको स्पष्ट पार्नुभएको छ । प्रदेशसभाबाट प्राप्त रचनात्मक सुझावलाई आत्मसात् गर्दै बजेटको प्रभावकारी कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ छ । लुम्बिनी प्रदेशसभाको आठौं अधिवेशनको १७ औं बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले सरकारले सबै सुझावलाई सकारात्मकरूपमा ग्रहण गरेको उल्लेख गर्दै बजेटको प्रभावकारी कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिने स्पष्ट पार्नुभएको हो । उहाँले प्रदेश सरकार सीमित स्रोत र साधनका बीच काम गर्न बाध्य रहेको उल्लेख गर्दै चालु आर्थिक वर्षमा करिब एक अर्ब ६० करोड रुपैयाँले बजेटको आकार घटाइएको जानकारी दिनुभयो । संघीय सरकारबाट प्राप्त हुने स्रोतमा आएको कमी र कर्मचारीको तलब २१ प्रतिशतले वृद्धि हुँदा प्रदेशको दायित्व मात्रै करिब एक अर्ब रुपैयाँले बढेको उहाँले बताउनुभयो । त्यसको प्रत्यक्ष असर पूँजीगत बजेटमा परेको र गत आर्थिक वर्षको तुलनामा करिब दुई अर्ब रुपैयाँले विकास बजेट घटाउनुपरेको उहाँको भनाइ थियो ।

**लुम्बिनी प्रदेश मन्त्रिपरिषद् बैठक**

लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभाबाट फिर्ता लिने निर्णय गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बुधबार राप्ती उपत्यका (देउखुरी) स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभाबाट फिर्ता लिने निर्णय गरेको सरकारका प्रवक्ता तथा स्वास्थ्यमन्त्री रामजीप्रसाद घिमिरेले जानकारी दिनुभएको छ । यस्तै, आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्रस्तुत लुम्बिनी प्रदेशसभा सचिवालयलाई जानकारी गराउने सम्बन्धी प्रस्तावसमेत बैठकले अनुमोदन गरेको छ। प्रदेश योजना आयोगको रिक्त रहेको सदस्य पदमा नियुक्ति गर्ने प्रक्रिया शुरु गर्ने निर्णय गरेको छ ।

# नागरिक समाज र संजीवनीबीच अन्तर्क्रिया

युगबोध समाचारदाता

घोराही, २४ असार । नागरिक समाज दाङ र संजीवनी टिचिङ हस्पिटलबीच अन्तर्क्रिया भएको छ । अन्तर्क्रिया कार्यक्रममा नागरिक समाजका सचिव नारायणप्रसाद श्रेष्ठ, कोषाध्यक्ष बसन्तराज भट्ट, पूर्वसंयोजक केवी मसाल, पूर्वसंयोजक चन्द्रराज पन्तलगायतको टोली अस्पतालमा पुगेर अस्पतालले दिने सेवाबारे जानकारी लिएको थियो ।

टोलीले अस्पतालको निरीक्षणपछि अस्पताल प्रशासनलाई पृष्ठपोषण गरेको छ भने सेवा प्रभावकारी बनाउन र स्थानीयलाई रोजगारी उपलब्ध गराउन पनि ध्यानाकर्षण गराएको छ । अन्तर्क्रियामा बोल्दै अस्पतालका प्रमुख कार्यकारी अधिकृत दीपक रोकाले अस्पतालमा विशेषज्ञ चिकित्सकमार्फत सेवा शुरु गरिसकेको जानकारी दिनुभयो । अस्पतालका कार्यवाहक मेडिकल डाइरेक्टर कन्सल्टेन्ट सर्जन डा. रविन आचार्यले अस्पतालले सबै विभागमा कम्तिमा दुईदेखि तीनजना विशेषज्ञ चिकित्सकसहित सेवा प्रवाह गरिरहेको बताउनुभयो । डायग्नोष्टिकतर्फ उच्चस्तरको प्रयोगशाला, डिजिटल र भिडियो एक्स रे, सिटि स्क्यान, एमआर आई मेमोग्राफी, इन्डोस्कोपी, क्लोस्कोपीलगायत रहेको तथा एघारवटा मोडुलर अप्रेशन कक्षमा विभिन्न खालका सर्जरीहरु भइरहेको बताउनुभयो ।

# विषादीको व्यवसाय जथाभावी गर्न नपाइने

तुलसीपुर, २४ असार (रासस)- विषादी बिक्रीवितरण, भण्डारण वा जथाभावी व्यवसाय गर्न निषेध गरिएको छ ।

'प्रदेश जीवनाशक विषादी व्यवस्थापन गर्न बनेको ऐन, २०८१' का अनुसार कुनै व्यक्ति वा संस्थाले विषादीको खुद्रा बिक्री, भण्डारण वा व्यावसायिक कारोबार गर्न सम्बन्धित विषय हेर्ने निकायसँग अनिवार्य इजाजत लिनुपर्ने व्यवस्था छ । इजाजतपत्रको अवधि तीन वर्ष र लिनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा कृषि र पशुपालनमा टिएसएलसी वा जेटिए उत्तीर्ण गरेको हुनुपर्नेछ । विषादी बिक्रेताले खाद्यपदार्थ र भेटेरेनरी औषधि भण्डारण वा बिक्री गर्ने ठाउँमा विषादी राख्न नपाउने ऐनमा उल्लेख छ । त्यस्तै गर्भवती, बालबालिका, मादक पदार्थ सेवन गरेका व्यक्ति वा मानसिक स्वास्थ्य ठीक नभएका व्यक्तिलाई विषादी बिक्री वा प्रयोगमा संलग्न गराउन पूर्ण प्रतिबन्ध लगाइएको छ ।

जैविकबाहेक अन्य रासायनिक विषादीको विज्ञापन सार्वजनिक सञ्चारमाध्यमबाट गर्न नपाइने, व्यावसायिकरूपमा विषादी छर्किएपछि उक्त स्थानमा सर्वसाधारणको जानकारीका लागि चेतावनीमूलक संकेत टाँस्नुपर्ने ऐनमा उल्लेख छ । ऐनले प्रदेशमा विषादीको प्रयोगलाई व्यवस्थित बनाउने लुम्बिनी प्रदेशसभा सदस्य यमबहादुर नेपालीले बताउनुभयो ।

## विद्युत्....

इप्पानका अध्यक्ष मोहनकुमार डाँगीले उक्त विधिले जलविद्युत् उत्पादन क्षेत्रमा नकारात्मक असर पार्ने बताउनुभयो । उक्त विधि २०८३ मा आयोजनाको स्तरवृद्धि गरिदा मुख्य उपकरणको दक्षता साविक विद्युत् खरिद सम्झौता (पिपिए) मा रहेकोभन्दा फरक गर्न नमिल्ने उल्लेख छ । साथै मुख्य उपकरणको दक्षतालाई टर्बाइनको ९१ प्रतिशत, जेनेरेटरको ९७ प्रतिशत र ट्रान्सफर्मरको ९९ प्रतिशतसम्मको सीमाभित्र हुनुपर्ने पनि प्रावधान छ । अध्यक्ष डाँगीले उक्त प्रावधानले प्रविधिको विकाससँगै विश्वबजारमा प्राप्त हुने सक्षम प्रविधिलाई ग्रहण गर्ने तथा कुशल प्रविधिमार्फत गर्न सकिने व्यावसायिक सुदृढीकरण कार्यलाई बन्देज लगाउने प्रयास भएको बताउनुभयो ।

डाँगीका अनुसार नयाँ पिपिए र थप क्षमताको पिपिएको हकमा क्षमतासम्बन्धी फरक-फरक मापदण्ड तोकिनुले क्षमताको वृद्धिका लागि विगत समयबाट नेपाल विद्युत् प्राधिकरणमा प्रक्रियागत रहेका आयोजनाको स्तरवृद्धि रोक्न लक्षित भएको छ । निजी क्षेत्रका जलविद्युत् प्रवर्द्धकले नेपाल विद्युत् प्राधिकरणले जारी गरेको उक्त विधि तत्काल स्थगन गरी सरोकारवालासँग परामर्शपछि मात्र कार्यान्वयन गर्न माग गरिएको छ । प्राधिकरणले जारी गरेको उक्त विधिमा जलविद्युत् आयोजनाको क्षमता वृद्धि प्रस्ताव गर्दा साविक क्षमताको न्यूनतम १५ प्रतिशतभन्दा कम वृद्धि गर्न नपाइने व्यवस्था गरिएको भन्दै निजी क्षेत्रले त्यसप्रति असहमति जनाएको छ ।

प्रवर्द्धकले अधिकांश जलविद्युत् आयोजनामा 'इलेक्ट्रोमेकानिकल' उपकरणको दक्षता (इफिसेन्सी) वृद्धि तथा डिजाइन सुधारका आधारमा प्राविधिकरूपमा पाँचदेखि १० प्रतिशतसम्म मात्र क्षमता वृद्धि सम्भव हुने उल्लेख गरेका छन् ।


## कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं ।
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं ।
- उन्नत बीउ, मल तथा सिंचाइको उचित प्रयोग गरौं ।
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं ।
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं ।
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं ।
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं ।
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं ।

**खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



## श्री खयरभट्टी सिमगैरा सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ५ खयरभट्टी, दाङ

### गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति २०८३।०३।२५ गते

श्री खयरभट्टी सिमगैरा सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. ५ खयरभट्टी, दाङको बनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. ५ सिमरौरा, दाङको घाटगद्दीमा लट बनाई राखिएको आ.व. २०८२/८३ को साल प्रजातिको गोलिया काठ थान २५७ को ११२९.६७ घ.फि., साल दाउरा १४.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष



## शिव जन क्याम्पस

शीतलपाटी, सल्यान

### भवनको अनुमानित लागत इष्टिमेट, डिजाइन गर्ने सम्बन्धी सूचना !

(सूचना प्रकाशित मिति २०८३/०३/२४)

यस क्याम्पसमा आ.व. २०८२/०८३ मा विश्वविद्यालय अनुदान आयोगको प्राप्त बजेटबाट निर्माणाधिन शैक्षिक भवनको फिनिसिङको काम गर्नुपर्ने भएको हुँदा तपसिल अनुसारको कार्य गर्दा प्राविधिकको इष्टिमेट आवश्यक परेकोले प्रचलित कानुन बमोजिम योग्यता पुगेका लाइसेन्स प्राप्त इच्छुक इन्जिनियर वा फर्म/कम्पनी/कन्सल्टेन्सीले आफ्नो योग्यता अधिकार प्राप्त लाइसेन्स तथा अनुमतिपत्र आदि सम्पूर्ण कागजातसहित के कति रकममा उक्त कार्य सम्पन्न गर्न सकिन्छ विवरणसहित ७ (सात) दिनभित्र निवेदन पेश गर्नुहुन अनुरोध छ ।

मिति २०८३।३।३० गते दिनको १:०० बजेसम्म मात्र निवेदन दर्ता हुनेछ ।

मिति २०८३।४।७ गते दिनको १:०० बजेसम्म अनुमानित लागत इष्टिमेट विवरण पेश गरी सक्नुपर्नेछ ।

**कार्यको विवरण :**

१. भवनको वरिपरी पेटी निर्माण ।
२. टवाइलेटको सेफ्टी टंकी निर्माण र फिनिसिङको कार्य ।
३. भवनको बाहिर र भित्र पूरै प्लाष्टर ।
४. रङ्गरोगन, विद्युत वइरिङ्ग र सो सँग सम्बन्धित सामग्रीहरु ।
५. UPVC को ढोका, झ्याल र पल्ला निर्माण ।
६. भऱ्याङमाथि इट्टाको वाल लगाई जस्तापाता राखी छाना तयार गर्ने ।
७. मूल ढोकाको च्यानल गेट निर्माण गर्ने ।
८. ट्वाइलेट र वाथरुमको निर्माण सम्बन्धी अन्य सामग्री ।
९. धाराका सामग्री, फिटिङ, पाइपलाइन र हिलटंकी ।
१०. भवनको छतको वरिपरि कम्पाउन्ड र पर्खाल निर्माण ।
११. भवन निर्माण सम्बन्धी बजेट अन्तर्गत रही निर्माण कार्यमा प्रयोग हुने अन्य कार्यहरु र सामग्रीहरु ।
१२. भवनको निरीक्षण, सुपरीवेक्षण, प्रतिवेदन, परामर्श र निर्माण कार्य सम्पन्न भई सकेपछि विल भुक्तानी गर्दा प्राविधिक मूल्यांकन प्रतिवेदनलगायतका निर्माणसँग सम्बद्ध कार्यहरु पनि गर्नुपर्नेछ ।
१३. निवेदन स्वीकृत भए पश्चात खरिद तथा निर्माण समितिसँग सम्झौता गर्नुपर्नेछ ।

क्याम्पस प्रमुख


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com